## निर्णयहरु

**निर्णय नं. १,**

प्रस्ताव नं १ माथि छलफल गर्दा यस गाउँपालिकाबाट गत आ.व.२०७५।७६ को तपशिल बमोजिमको आर्थिक हिसाव विवरण (निकाशा, खर्च तथा सो को प्रगती) स्वीकृत गर्ने निर्णय गरियो ।

**तपशिल**

**निर्णय नं. २,**

प्रस्ताव नं. २ माथि छलफल गर्दा चालु आ.व.को कार्यक्रमलाई बढि बस्तुपरक र प्रभावकारी बनाउन देहयका विषयका कार्यविधिलाई संशोधन सहित स्वीकृत गरी लागु गर्ने निर्णय गरियो ।

**तपशिल**

१. कृषि प्रसार कार्यक्रम संचालन कार्यविधि,२०७६,

२. पशु सेवा कार्यक्रम संचालन कार्यविधि,२०७६

**निर्णय नं ३,**

प्रस्ताव नं ३ माथि छलफल गर्दा  यस गाउँपालिकाको एकिकृत आवधिक योजना र गाउँपालिका तथा वडा नं ३ र ५ को कार्यालय भवनको **DPR** निर्माण गर्न क्रमशः **MLCS-BHUGOL-AERC JV Madhyapur Thimi** र **CANVAS ENGINEERING Consultancy PVT.LTD. Lalitpur** लाई जिम्मा दिएको र ती दुवै कम्पनिले तोकिएको समयमा दुबै परियोजनाको **DPR** तयार गरी पेश गरेकोले उक्त प्रतिवेदनहरु स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं ४,**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस गाउँपालिकाको वडा नं ६ को कार्यालय सहयोगी चित्रबहादुर थापा प्रा.वि.स्तरको शिक्षक पदमा शिफारिस भई गएको कारण देखाई मिति २०७५।५।३ गते राजीनामा पेश गरेकोले उक्त रिक्त स्थानमा सोही वडामा विगतमा सामाजिक परिचालक र गत वर्ष पूर्ण सरसफाई अभियन्ताको रुपमा कार्य गर्नुभएका त्रिवेणी ६ लुहाम बस्ने यज्ञविक्रम श्रेष्ठलाई कार्यालय सहयोगी पदमा करारमा भर्ना गर्ने निर्णग गरियो ।